बालबालिकाका लागि बाइबल
को प्रस्तुती



# मण्डलीको जन्म

लेखन: Edward Hughes

चित्र: Janie Forest

संयोजन: Ruth Klassen

अनुवाद: Mrs. Trifaina Subba

प्रकाशक: Bible for Children
www.M1914.org

©2017 Bible for Children, Inc.
अनुमतिपत्र: यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन ।



जब येषू मर्नुभयो, तब डराइरहेका चेलाहरू लुके। जब येषूले मृत्युबाट बौरी उठ्नुभयो तब उहाँले आफैलाई चेलाहरूकहाँ सामु प्रकट गर्नुभयो। येषू जिउँदो रहेछ। तर येषूले तिनीहरूलाई छोड़ेर स्वर्ग जान तिनी योनजा बनाएका थिए जहाँ तिनीका
बाबु परमेष्वरसंग सधैं बस्दथे।



तिनीहरूलाई
सहायता
अनि
सान्त्वना
दिन

तिनीहरूमाथि
परमेष्वरको आत्मा
तिनीहरूमाथि आउनेछ भनी
उहाँले प्रतिज्ञा गर्नुभयो (यूहन्ना 15;26)।



समय नजीक
आए, केही दिनपछि येषू
तिनीहरूदेखि जानुभयो अनि परमेष्वरको पवित्र
आत्मा तिनीहरूमा आउनुभयो।


यो यसरी भयो भने जब एउटा घरमा 120 जना येषूलाई पछ्याउनेहरू संगै प्रार्थना गरिरहेका थिए। अचानक, स्वर्गबाट ठूलो बतास बहेको जस्तो हरूरूरू षब्द आयो, र त्यसले तिनीहरू बसेको घर जम्मै भरिदियो।


औ आगोको जस्तो चिरा चिरा परेका जिब्राहरू
तिनीहरूकहाँ देखा परे र ती तिनीहरू एक एक
माथि बसे-जस्तो येषूले प्रतिज्ञा
गर्नुभएको
थियो।

तब तिनीहरूले कहिल्यै नबोलेका भाशाहरू बोल्न लागे। धेरै यरूषलेममा आएका विदेषीहरूले परमेष्वरको अचम्भको काम भाशाहरूमा देखे। विदेषीहरू छक्क परे।



“जेसुकै यसको अर्थ होस्?” तिनीहरूले सोधे। “तिनीहरू ता नयाँ मद्यले मातेका छन्” भनी अरूहरूले हाँसो गरेर भने।



तर पत्रुसले भने, “यिनीहरू मातेका छैनन्... तर योएल अगमवक्ताबाट जुन कुरा भनिएको थियो, त्यो यही हो...।”



धेरै वर्श अघि परमेष्वरले प्रतिज्ञा गर्नुभएको थियो कि पवित्र आत्मा तिनीहरूलाई आषिश अनि सहायता गर्न आउनुहुनेछ भनी पत्रुसले तिनीहरूलाई सम्झना गराए।



पत्रुसले भने कि मानिसहरू तिनीहरूको पापबाट फर्केर येषू ख्रीशटको नाउँमा बप्तिस्मा लिनुपर्छ भनी भने। “...अनि तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौं” भनी पत्रुसले भने।



3000 हजार मानिसहरूले आज्ञा माने। तिनीहरूले चेलाहरूलाई येषूको आराधना गर्न तिनीहरूसंग रहे। जसरी समय जाँदा धेरै भन्दा धेरै मानिसहरू मण्डलीमा आउन लागे




जुन चाहिँ पवित्र आत्मा आएको दिन देखिनै यो काम षुरू भयो।

परमेष्वरको मानिसहरूमा बास गर्न पवित्र आत्माको षक्ति तिनीहरूमा आए। एकदिन पत्रुस र यूहन्ना संगै प्रार्थना गर्न भनी मन्दिरमा गए। मन्दिरको ढोकामा एक लंगड़ो बस्थे अनि उनले पत्रुस र यूहन्नालाई पैसाको लागि तिनीहरूलाई बोलाए।





त्यसपछि पत्रुसले भने, “सुन र चाँदी ता मसित छैन। तर जे मसित छ, त्यही म तँलाई दिन्छु। नासरतका येषू ख्रीश्टको नाउँमा हिँड्डुल गर।”



अनि तिनले त्यसको दाहिने हात समातेर त्यसलाई उठाए, औ बुर्लुक्कै उफ्रेर त्यो खड़ा भयो, र हिँड़नथाल्यो, औ हिँड़दै र उफ्रँदै र परमेष्वरको स्तुति गर्दै तिनीहरूसित मन्दिरमा पस्यो।

त्यो अचचम्भको कार्य देखेर मानिसहरू जम्मा भए। पत्रुसले तिनीहरूलाई भने यो परमेष्वरको



षक्ति हो, आफ्नै चाहिँ होइनन्, जसले ती लंगड़ोलाई निको पारे।

जब पत्रुसले तिनीहरूलाई येषू मरेकाबाट बौरी उठ्नुभयो भनी सम्झना गराइदिए। तर मन्दिरका धर्म-गुरूहरूले तिनलाई पक्राउने अनि पत्रुस र यूहन्नालाई झ्यालखानमा हाले। तरैपनि, 5000 हजार मानिसहरूले येषूमा विष्वास गरे।



अर्को दिन, मन्दिरको षासकको अघि पत्रुस र यूहन्ना खड़ा भए। तिनीहरूले सोधे, “कुन षक्तिबाट, अथवा कसको नाउँ तिमीहरूले यो गरेका हौ?”



तब पवित्र आत्माले भरिपूर भएर पत्रुसले तिनीहरूलाई भने, "... नासरता येषू ख्रीश्टको नाउँमा, जसलाई तपाईंले क्रूसमा टाँग्नुभयो, जसलाई परमेष्वरले मरेका बौरी उठाउनुभयो अनि तपाईंहरूको सामने उहाँद्‌वारा खड़ा भए।



पत्रुसले डररहित भनिनैरहे कि “... किनकि स्वर्गमनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन।” मानिसहरूले येषूमा विष्वास गरोस् भनेर षासकहरूले पत्रुस अनि यूहन्नालाई चेताउनी दिए। “फेरि यस नाउँमा कुनै मानिससित तिमीहरू बात नगर्नू।”





पत्रुस एक घड़ी
येषूको लागि
उभिन डराएका
थिए। तर त्यो
चाहिँ पवित्र
आत्मा आउन
अघिको कुरा हो।
तर अब कसैले
तिनलाई डराउन
सक्दैनन्।

पत्रुस अनि यूहन्नाले उतर दिए, “कुन ठीक हो? तपाईंहरूको कुरा सुन्नु कि परमेष्वरको? सो तपाईंहरूनै विचार गर्नुहोस्।



किनकि हामीले देखेका र सुनेका कुराहरू हामी नबोली सक्तैसक्तैनौं।

धेरै चेताउनी दिएर पत्रुस र यूहन्नालाई षासकहरूले छोड़िदिए। परमेष्वरको साहसी दासहरूले तिनीहरूको मित्रहरूलाई न्यायलय अनि झ्यालखानको विशयमा बताउनु भनी भन्नुभयो।



त्यसपछि
तिनीहरूले महान्
प्रार्थना अनि
भेट्घाट गरे।
फेरि परमेष्वरको
पवित्र आत्माको
षक्ति तिनीहरूमाथि
भरिए अनि तब
सानो मण्डली
बढ़दै बढ़दै गए।



# मण्डलीको जन्म

परमेश्वरको वचन बाइबलबाट लिइएको कथा

जुन

प्रेरित 1-4

"तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ ।"
भजनसंग्रह ११९:१३०

# समाप्त

बाइबलको यो कथाले हाम्रा अद्भूत परमेश्वरको बारेमा बताउँदछ जसले हामीलाई बनाउनुभयो। तिमीले उहाँलाई चिन भन्ने उहाँ चाहनुहुन्छ।

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ। पापको सजाय मृत्यु हो, तर परमेश्वरले तिमीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि तिम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्‍ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो। त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्गको आफ्‍नो घरमा जानुभयो। यदि तिमीले प्रभु येशूमा विश्वास गर्‍यौ र तिम्रा पापहरू क्षमा गरिदिन उहाँसँग बिन्ती गर्‍यौ भने उहाँले तिमीलाई क्षमा गर्नुहुनेछ। अनि उहाँ तिमीभित्र आएर वास गर्नुहुन्छ र तिमी सधैंभरि उहाँसँगै बस्नेछौ।

यदि तिमी यो कुरा साँचो हो भनी
विश्वास गर्छौ भने परमेश्वरलाई यसो भन:
प्यारो प्रभु येशू, तपाईं परमेश्वर हुनुहुन्छ, मेरा पापहरूको
निम्ति मर्न तपाईं मानिस बन्नुभयो र अहिले फेरि जीवित
हुनुभएको छ भनी म विश्वास गर्दछु। कृपा गरी मेरो
जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले
अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ।
तपाईंको आज्ञा पालन गर्न र तपाईंको सन्तान भएर तपाईंको
निम्ति जिउन मलाई सहायता गर्नुहोस्। आमेन।

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर।

यूहन्ना ३:१६